# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०७/१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

ईलाका वन कार्यालय राजापुर, बर्दियामा कार्यरत वन रक्षक सीताराम थारुले काठ निकासी छुट पुर्जीको म्याद थप गर्ने प्रयोजनार्थ मुचुल्का तयार गर्ने तथा सिफारिश गर्ने प्रयोजनका लागि विभिन्न बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुरबाट खटिइ गएको टोलीले निजलाई रु.३०,०००/-(तीस हजार) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले सोही कार्यालयमा कार्यरत रेन्जर सगुन थापा, वनरक्षक सूर्यबहादुर शाही र फरेष्टर अरुण चौधरीको आपसी मिलेमतो एवं संलग्नतामा घुस रकम लिएको स-प्रमाण देखिन आएबाट निज राष्ट्रसेवकहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजहरुलाई बिगो रु.३०,०००/-(तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता